STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ३४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ फागन ५ गते बिहीबार ❑ 17 Feb. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## संघीयतालाई बलियो पार्न प्रदेश सरकारलाई सशक्त बनाउनु पर्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ फागुन**

वैज्ञानिक तथा सामाजिक अभियान्ता महावीर पुन गण्डकी रत्नबाट विभुषित हुने भएका छन् । गण्डकी प्रदेश सरकारको बुधबार पोखरामा सम्पन्न भएको चौथो बार्षिकोत्सवको अवसरमा प्रदेशको श्री बृद्धि जसले प्रदेशको नाम विश्व सामु राख्न सफल राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष समेत रहेका वैज्ञानिक तथा सामाजिक अभियान्ता पुनःलाई बिभुषित गरिने घोषणा भएको हो ।

प्रदेश सरकारले कुनै बिषेश कार्यक्रमका बिच उक्त सम्मान अर्पण गर्ने भएको युवा तथा खेदकुद मन्त्रालयका सचिव बद्रीनाथ अधिकारीले बताए । महावीर पुन एक नेपाली वैज्ञानिक, शिक्षक सामाजिक उद्यमी तथा हिमालयका दुर्गम क्षेत्रहरूको विकासित ताररहित प्रविधिको प्रयोगमा आफ्नो व्यापक कार्यका लागि प्रसिद्ध एक कार्यकर्ता हुन् जसलाई नेपाल वायरलेस नेटवर्किङ परियोजना समेत भन्ने गरिन्छ ।

अमेरिकाको नेब्रास्का विश्वविद्यालयबाट विज्ञानमा स्नातकोत्तर गरेका पुनले वायरलेस प्रविधिद्वारा देशका ग्रामीण क्षेत्रमा सूचना प्रवाह गर्ने लक्ष्य बोकेर नेपाल वायरलेस सञ्जाल परियोजना मार्फत इन्टरनेट सञ्जाल विस्तार



गर्न सफल भएका छन् ।

एक लाखको सर्वोउत्कृष्ट निजामती पुरस्कारबाट भौतिकका सचिव श्रेष्ठ पुरस्कृत हुने आर्थिक बर्ष २०७८/०७९ मा गण्डकी प्रदेशबाट सर्वोउत्कृष्ट निजामति पुरस्कारबाट भौतिक पुर्वाधार शहरी विकास तथा यातायात व्याबस्था मन्त्रालयका सचिव रामचन्द्र श्रेष्ठ पुरस्कृत हुने भएका छन् । उनलाई नगद एक लाख सहित उक्त पुरस्कारबाट पुरस्कृति गरिने भएको गण्डकी प्रदेश सरकारको बुधबार पोखरामा सम्पन्न भएको चौथो बार्षिकोत्सवको अवसरमा घोषणा गरिएको हो ।

त्यसै गरी प्रदेशको उत्कृष्ट निजामति पुरस्कार मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका उपसचिव रामेश्वर अर्याल, उर्जा जलश्रोत तथा खानेपानी मन्त्रालयका सिडिई प्रेम प्रसाद डोटेल पुरस्कृत हुने भएका छन्। उनीहरुले जनही ७५ हजार नगद पुरस्कार प्राप्त गर्ने भएका छन्।

प्रदेश निजामति सेवा पुरस्कारबाट अर्थ मन्त्रालयका अधिकृत खेमराज पौडेल लगायतका १७ जना पुरस्कृत हुने भएका छन् । उक्त पुरस्कारबाट शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयका उपसचिव तोयनाथ लम्साल, मुख्यमन्त्री तथा मत्रिपरिषद कार्यालयका उपसचिव मुक्तिनारायण भण्डारी, लोक सेवा आयोगका उपसचिव कृष्णप्रसाद आचार्य, कृषि ज्ञान केन्द्र मुस्ताङका अधिकृत आठौं प्रकाश बस्ताकोटी, आन्तरिक मामिला मन्त्रालयका अधिकृत आठौं प्रकाशचन्द्र ढुंगाना, धौलागिरी आयुर्वेद औषधालय बागलुङका आयुर्वेद चिकित्सक डा. सरोजकुमार राय, वन वातावरण तथा भूसंरक्षण मन्त्रालयका सहायक वन अधिकृत शिवप्रसाद श्रेष्ठ, प्रदेश नीति तथा योजना आयोगकाका तथ्यांक अधिकृत रामप्रसाद वाग्ले पुरस्कृत हुने भएका छन। त्यस्तै स्वास्थ्य कार्यालय स्याङ्जाका जन स्वास्थ्य अधिकृत वसुन्धरा शर्मा, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयका अधिकृत सातौं महराज ढकाल, पर्यटन, उद्योग, वाणिज्य, तथा आपुर्ति मन्त्रालयका सहायक वन अधिकृत नवीन विश्वकर्मा, मुख्यमन्त्री तथा मन्त्रीपरिषद कार्यालयका शाखा अधिकृत विकास थापा मगर, सोही कार्यालयका शाखा अधिकृत रामप्रसाद पौडेल, प्रदेश सभा सचिवालयका लेखा अधिकृत सूर्यप्रसाद अधिकारी, भू तथा जलाधार व्यवस्थापन कार्यालय पर्वतका जलाधार व्यवस्थापन अधिकृत प्रकाश गिरी, मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका अधिकृत तोयनाथ आचार्य रहेकाछन्। उनीहरुले जनही ५० हजार पुरस्कार प्राप्त गर्ने भएका छन् ।

त्यसै गरी प्रदेशका १६ जनालाई प्रोत्साहन पुरस्कार प्रदान गरिने भएको छ जसको राषि भने २५ हजार रहेको छ । उक्त पुरस्कार प्राप्त गर्नेहरुमा कृषि ज्ञान केन्द्र लमजुङका कृषि प्रसार

बाँकी अन्तिम पृष्ठमा ▶▶

## एमसीसी टेबुल गर्न सहमति जुटेन

**रासस**
**काठमाडौं, ४ फागुन**

प्रतिनिधिसभाको बुधबारको बैठकमा अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) सम्झौता टेबुल नहुने भएको छ ।

उक्त प्रस्तावलाई कार्यसूचीमा राख्ने/नराख्ने विषयमा सभामुख अग्निप्रसाद सापकोटाको अध्यक्षतामा कार्यव्यवस्था परामर्श समितिको बैठकमा सत्ता गठबन्धनभित्रै दुई थरी मत आएपछि बुधबार पेस नगर्ने स्थिति बनेको सङ्घीय संसद् सचिवालयका प्रवक्ता डा रोजनाथ पाण्डेले जानकारी दिनुभयो । नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) का नेताहरुले यस प्रकारको राष्ट्रिय विषयमा प्रमुख प्रतिपक्षी नेकपा (एमाले) लाई सहमति नलिई अघि नबढ्ने विगतको अभ्यासलाई ध्यानमा राखेर निर्णयमा पुग्नुपर्ने बताउनुभएको थियो । प्रतिपक्षलाई विश्वासमा लिएर नजाँदा लोकतन्त्र 'डिरेल' हुने उहाँहरुको तर्क थियो ।

नेपाली कांग्रेसतर्फबाट गृहमन्त्री बालकृष्ण खाँण र कानुन, न्याय तथा संसदीय मामिलामन्त्री दिलेन्द्रप्रसाद बडू लगायतले सो प्रस्ताव पेस गर्नुपर्ने अडान राख्नुभएको थियो । बैठकमा प्रमुख प्रतिपक्ष नेकपा (एमाले) भने अनुपस्थित रहेको थियो ।

## एमसीसी टेबुल गर्न सहमति जुटाउने प्रयास जारी

**रासस**
**काठमाडौं, ४ फागुन**

कानून, न्याय तथा संसदीय मामिलामन्त्री दिलेन्द्रप्रसाद बडूले अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) सम्झौतालाई सदनमा प्रवेश गराउने विषयमा निरन्तर प्रयास भएको र सहमति जुटाउन पर्सीसम्मका लागि समय निर्धारण गरिएको जनाउनुभएको छ ।

प्रतिनिधिसभाको आजको बैठकबाट बाहिरिने क्रममा मन्त्री बडुले एमसीसीबारे सडकमा उठेका बहस र विवादलाई टुङ्गोमा लानका लागि पनि सो प्रस्तावलाई संसद्मा लानुपर्ने बताउनुभयो । मन्त्री बडूले भन्नुभयो, "यो विषयलाई संसद्मा प्रवेश गराउने र छलफलमा लाने हाम्रो उद्देश्य हो । छलफलका निमित्त दललाई अझै केही समय चाहिन्छ भन्ने आएकाले थप सहमति जुटाएर अबको बैठकमा टेबल गर्ने सहमति बनाउँदैछौँ ।" प्रतिनिधिसभाको अर्को बैठक यही फागुन ६ गते शुक्रबार दिउँसो १ बजे तोकिएको छ भने सत्ता गठबन्धनका शीर्ष नेताहरुको बैठक ५ गते दिउँसो बोलाइएको छ । नेकपा (एकीकृत समाजवादी) का वरिष्ठ नेता झलनाथ खनालले जनतालाई गुमराहमा राखेर एमसिसी सम्झौता गरिएकाले त्यसमा संशोधन नभएसम्म प्रस्ताव अघि बढ्न नहुने अडान राख्नुभयो । उहाँले भन्नुभयो, "कतिपय विषयमा दशौँ वर्ष लगाएर सहमति हुन्छ । कतिपय विषय परिस्कृत हुन्छ, परिमार्जन हुन्छ, बदलिन्छ, अनिमात्रै सहमति हुन्छ । असहमतिका विषयमा बल प्रयोग गरेर हुन्छ ?" सडकमा विरोध र सरकारमा पनि बस्ने कुरा एकैसाथ हुन्छ र भन्ने पत्रकारको प्रश्नमा पूर्वप्रधानमन्त्री खनालको जवाफ थियो, "किन नहुनु मज्जाले हुन्छ । यहाँ भइरहेको छ देख्नुभएन ?" नेकपा (माओवादी केन्द्र)का नेता ओनसरी घर्तीले एमसिसी राष्ट्रिय सरोकारको विषय भएको र प्रतिपक्षी दल अहिले पनि विरोधको स्थितिमा रहेकाले सबैको सहमतिमा अघि बढ्न दल एकै ठाउँमा बसेर छलफल नगरिकन अघि नबढौँ भन्ने हाम्रो आग्रहबमोजिम आजको बैठकमा सो प्रस्ताव पेश नभएको बताउनुभयो । उहाँले भन्नुभयो, "गठबन्धनभित्रका कुनै दलले सो प्रस्तावबारे आफ्नो निर्णय गर्न सक्ने र अरु दलले त्यसलाई नमान्न पनि सक्छ । प्रतिपक्षको अवरोध कायम रहेकाले पनि आज टेबुल गर्नेतिर गइएन ।"

## स्थानीय तह निर्वाचनसम्बन्धी रिट दर्ता गर्न सर्वोच्चको आदेश

**रासस**
**काठमाडौं, ४ फागुन**

सर्वोच्च अदालतले स्थानीय तहको निर्वाचनसम्बन्धी रिट दर्ता गर्न आदेश दिएको छ । सर्वोच्च अदालतमा न्यायाधीश ईश्वरप्रसाद खतिवडाको एकल इजलासले स्थानीय तह निर्वाचनसम्बन्धी रिट दर्ता गर्न आदेश दिनुभएको सर्वोच्च अदालतका प्रवक्ता बाबुराम दाहालले जानकारी दिनुभयो । उहाँका अनुसार यसअघि उक्त रिट दरपिठ भएको थियो ।

आदेशमा निवेदन दरपिठ गरेको सर्वोच्च अदालतको रजिष्ट्रारको माघ २६ गतेको आदेश बदर गरिएको उल्लेख छ । "स्थानीय तहका पदाधिकारीको पदावधि कहिलेसम्म रहने हो अर्थात् कुन मितिमा पदावधि समाप्त हुने हो भन्ने संविधान र कानूनमा रहेका प्रावधानको व्याख्या गरी निरुपण गर्नुपर्ने प्रश्नहरूउपर न्यायिक विवेक प्रयोग गरी इजलासबाट सुनुवाइ भई निरुपण हुनु नै मनासिव हुन्छ", आदेशमा भनिएको छ, "संविधान र कानूनको व्याख्यासम्बन्धी यस प्रकारको विषयलाई न्यायिक प्रक्रियामा प्रवेश नै नपाउने गरी प्रशासनिक तहबाट नै निवेदन दरपिठ गरी टुङ्ग्याउने उचित देखिँदैन ।" महोत्तरीको भङ्गाहा नगरपालिकाका प्रमुख सञ्जीवकुमार साहले वैशाखमै स्थानीय तहको निर्वाचन हुँदा आफूहरूको संविधानमा तोकिएको पाँच वर्ष अवधि पूरा नहुँदै कार्यकाल सकिने भन्दै एकै चरणमा निर्वाचन नगर्न माग गर्दै रिट दायर गर्न थाल्नु भएको थियो तर सर्वोच्च अदालतले उहाँको रिट निवेदन दर्ता नगरी दरपिठ गरेको थियो । सरकारले वैशाख ३० गते स्थानीय तहको निर्वाचन तोकेको छ ।

विसं २०७४ को स्थानीय निर्वाचन तीन चरणमा भएको थियो । प्रदेश नं २ मा त्यतिबेला असोज २ गते निर्वाचन भएको थियो । सर्वोच्चका अदालतका प्रवक्ता दाहालले अब नगरप्रमुख साहको रिट निवेदन दर्ता हुने बताउनुभयो ।

## संसद्मा एमालेको अवरोध

**रासस**
**काठमाडौं, ४ फागुन**

प्रतिनिधिसभाको बुधबारको बैठक सुरु हुनासाथ प्रमुख प्रतिपक्षी नेकपा (एमाले) ले वेल घेराउ गरेको छ । सभामुख अग्निप्रसाद सापकोटाले बैठकको कारवाही सुरु भएको घोषणा हुनासाथ एमालेका सांसदले विरोध सुरु गरेका हुन् । एमालेले आफूले कारवाही सिफारिस गरेका १४

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

## राष्ट्रिय सहमतिमा एमसिसी अगाडि बढाउनुपर्ने माओवादीको निष्कर्ष

**रासस**
**काठमाडौं, ४ फागुन**

सत्तासाझेदार नेकपा (माओवादी केन्द्र)ले यथास्थितिमा एमसिसी सम्झौता संसद्मा टेबल गरिए विपक्षमा मतदान गर्ने निर्णय गरेको छ ।

पार्टी अध्यक्ष एवं संसदीय दलका नेता पुष्पकमल दाहाल 'प्रचण्ड'को अध्यक्षतामा बुधबार सिंहदरबारमा बसेको संसदीय दलको बैठकले एमसिसी सम्झौतामा रहेका असमान सर्त तथा राष्ट्रिय हित प्रतिकूलका प्रावधान परिमार्जन नभई पक्षमा मतदान गर्न नसकिने निर्णय गरेको हो । "एमसिसी सम्झौता यथास्थितिमा अगाडि बढाउन सकिँदैन, पास गर्न सकिँदैन । जबर्जस्ती एमसिसी टेबल गरिए त्यसको विपक्षमा मतदान गर्ने निर्णय भएको छ," बैठकपछि माओवादीका प्रमुख सचेतक देवप्रसाद गुरुङले भन्नुभयो । बैठकले एमसिसीमा रहेका राष्ट्रिय हित अनुकूलका प्रावधान संशोधन नगरी यसलाई अगाडि बढाउन नसकिने निष्कर्षसमेत निकालेको छ । "अहिले विपक्षी पार्टीले संसद् अवरोध गरिरहेको अवस्था छ । सदन सञ्चालन गर्न जोड दिने, सदन सञ्चालन नगरी कुनै पनि एजेन्डा अगाडि बढ्न नसक्ने माओवादीको निष्कर्ष छ," उहाँले भन्नुभयो ।

बैठकले सदन सञ्चालन गर्न विपक्षी नेकपा (एमाले)सँग पनि आग्रह गर्ने निर्णयसमेत गरेको छ । राष्ट्रिय सहमति जुटाएर मात्र एमसिसी सम्झौतालाई अगाडि बढाउनुपर्ने निष्कर्ष माओवादी बैठकले निकालेको छ । "राष्ट्रिय सहमतिबिना एमसिसी अगाडि बढ्न सक्दैन, गठबन्धनमा रहेका दलहरुका बीचमा सहमति हुनुपर्छ, दलहरुका बीचमा सहमति नभई यो अगाडि बढ्न सक्दैन," प्रमुख सचेतक गुरुङले भन्नुभयो । उहाँले पाँच दलीय गठबन्धनको निर्णयबिना सरकार एक्लै अगाडि बढ्ने अवस्था हुँदैन भन्दै सरकारले गठबन्धन तोडेर जबर्जस्ती गरेको अवस्थामा सरकारमा रहने सम्भावना नरहने बताउनुभयो ।

# बाल क्यान्सर दिवसमा जनचेतना

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ फागुन**

नेपालमा अझै पनि बिरामीमध्ये दुई तिहाई बालबालिका क्यान्सर रोगको उपचारबाट वञ्चित हुन पुगेको बताइएको छ।



आर्थिक अभाव र जनचेतनाको कारणले सो संख्यामा क्यान्सर भएका बालबालिका उपचारबाट वञ्चित भएको बताइएको हो। कान्ति बाल अस्पतालका निर्देशक डा अजित रायमाझीले सबै अस्पतालमा आइपुग्ने संख्या जोड्दा अझै सो संख्यामा बालबालिका क्यान्सरको पूर्ण उपचारबाट वञ्चित रहेको बताए। अहिले एक तिहाई मात्र उपचार गर्न आउँछन्। आज नेपालसहित विश्वभरि अन्तर ोष्ट्रिय बाल क्यान्सर दिवस मनाइँदै छ। धेरै अभिभावकमा आफ्ना बालबालिकामा हुने क्यान्सर उपचारबाट निको पार्न सकिन्छ भन्ने चेतनाको कमी रहेको उनले भने। 'क्यान्सरको उपचार खर्चालु छ, दुई-तीन वर्ष उपचार गर्नुपर्दछ र औषधी महँगो छ भनेर धेरै अभिभावकले बालबालिकालाई उपचार गराउन ल्याउँदैन, उनले भने, 'अभिभावकलाई क्यान्सर रोग उपचार गरे निको हुन्छ र धेरै खर्च लाग्दैन भनेर चेतना जगाउनुपर्दछ।' सरकारले बालबालिकाको क्यान्सर उपचारका लागि अस्पतालमा उपलब्ध कतिपय सेवा निःशुल्क गरेको छ। एक लाखसम्मको औषधि निःशुल्क उपलब्ध गराउँदै आएको छ। उनका अनुसार उपचार हुने अस्पतालमा पुगिसकेकामध्ये २० देखि ३० प्रतिशत आर्थिक अभावको कारणले उपचार नगरिकन वा उपचार बीचैमा छाडेर घर जाने गरेका छन्।

नेपालमा वर्सेनि २५ हजार नयाँ क्यान्सर रोगी थपिने गरेकोमा तीमध्ये एक हजार ५०० बालबालिका रहने गरेका छन्। बालबालिकालाई रक्त, मस्तिष्क, रक्त ग्रन्थी (लिम्फोमा), आँखा र मृगौँलाका ट्यूमर जस्ता क्यान्सर लाग्ने गरेका छन्। नेपालमा बालबालिकाको क्यान्सर कान्ति अस्पतालसँगै बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुर, भक्तपुर क्यान्सर अस्पताल, पाटन अस्पताल, तिलगङ्गा आँखा अस्पताल लगायतमा उपचार हुन्छ।

कान्तिमा गतवर्ष २०० जना बाल क्यान्सरका बिरामीको उपचार भएको थियो। विश्व स्वास्थ्य सङ्गठनले नेपाललाई बाल क्यान्सरसम्बन्धी विश्वव्यापी अभियानको फोकस राष्ट्रको रुपमा समेत सूचीकृत गरेको छ। भक्तपुर क्यान्सर अस्पतालका निर्देशक डा विष्णुदत्त पौडेलले बाल-क्यान्सर उपचार गरे ७० प्रतिशतलाई निको हुने बताए। क्यान्सरबाट जोगाउन बालबालिकाको उपचारमा पहुँच पुर्‍याउनुपर्छ।

# विन्ध्यवासिनीको रक्तदानमा १०५ युनिट रगत संकलन

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ फागुन**

पोखराको वाटुलेचौरमा रहेको विन्ध्यवासिनी मा.विले आयोजना गरेको वृहत रक्तदान कार्यक्रमवाट १ सय ५ युनिट रगत संकलन भएको छ।



विद्यालयको हीरक जयन्तीको अवसरमा आयोजित कार्यक्रममा १४ जना महिला र ९१ जना पुरुषले रक्तदान गरेको उप समितिका सदस्य दिनेश शर्माले जानकारी दिनुभयो। कार्यक्रमको पोखरा १६ का वडाध्यक्ष जीवन प्रसाद आचार्यले पहिलो रक्तदाता विद्यालयका पुर्व प्र.अ खिमलाल अधिकारीलाई व्लड व्याग हस्तान्तरण गरी उद्घाटन गर्नुभयो। कार्यक्रममा वोल्दै वडाध्यक्ष आचार्यले मानव जीवनका लागी सवैभन्दा ठुलो पुण्य काम भनेकै रक्तदान भएको वताउदै, पोखरामा देखिएको रगतको अभावलाई न्युनिकरण गर्न यस्ता काम निरन्तर भैरहनु पर्नेमा जोड दिनुभयो। रक्तदान कार्यक्रम उपसमितिका संयोजक दुर्गा के.सी थापाको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समिति कास्कीका सदस्य गुमादेवी गौतम अधिकारी, हीरक जयन्ती मुल समारोह समितिका अध्यक्ष एवं विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चन्द्रा थापा अधिकारी, प्रधानाध्यापक कृष्ण प्रसाद आचार्य, विन्ध्यवासिनी भु.पु विद्यार्थी मंचका अध्यक्ष हरि वरुवाल, शिक्षक तारा अधिकारी, भीम वहादुर गायक लगायतले रगतको अभावले कसैको पनि ज्यान जोखिममा पर्न नहुने तर्फ सवै सचेत वन्नुपर्ने वताए।

पोखरामा रगतको अभाव देखिए पछि रक्त संचार केन्द्रका अर्जुन खड्काले नियमित रुपमा रक्तदान कार्यक्रम आयोजना गरिदिन विभिन्न संघ संस्थालाई आग्रह गर्नुभयो। कार्यक्रममा ४५औं पटक राम व. वानिया, ३५ औं पटक वसन्त तिमिल्सीना, ३४ औं पटक शकंर वस्नेत सहित अधिंकाश नयाँ रक्तदाताले सहभागिता जनाएको उपसमितिका सदस्य भीमव. गायकले जानकारी दिनुभयो। पोखरामा रगतको अभाव भएको थाहा पाएपछि वन्दको प्रर्वाह नै नगरी हिडेरै भएपनि रक्तदाताहरु कार्यक्रम स्थलमा सहभागी भएका थिए।

रक्त संचार केन्द्रको प्राविधिक सहयोगमा भएको कार्यक्रममा विभिन्न संघ संस्था एवं व्यक्तिले सहयोग गरेका थिए। विद्यालयले हीरक जयन्ती चैत २७ गतेसम्म विभिन्न कार्यक्रम गरी मनाउँदै छ।

## संघीयतालाई...

अधिकृत मदन रेग्मी, पूर्वाधार विकास कार्यालय म्याग्दीका इन्जिनियर सन्तोष अर्याल, स्वास्थ्य कार्यालय लमजुङका जनस्वास्थ्य अधिकृत अमर दवाडी, कानुन सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालयका अधिकृत गितादेवी बराल, विउविजन प्रयोगशाला पोखराका अधिकृत कमलादेवी श्रेष्ठ, पूर्वाधार विकास कार्यालय गोरखाका अधिकृत कमलप्रसाद कँडेल, युवा तथा खेलकुद मन्त्रालयका कम्प्युटर अधिकृत दिक्शा खड्का, शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयका अधिकृत सुशीला अधिकारी, पूर्वाधार विकास कार्यालय मनाङका सब इन्जिनियर जयबहादुर विष्ट, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका कोल्ड चेन सुपर भाइजर हिमलाल सुवेदी, प्रदेश लोक सेवा आयोगका सहायकस्तर पाँचौं गायत्री अधिकारी लामिछाने, डिभिजन वन कार्यालय कास्कीका जमदार रामचन्द्र ढुंगाना, हलुका सवारी चालक दिलबहादुर रम्तेल, भूमिराज अधिकारी, कुलचन्द्र गुरुङ, कमलबहादुर गर्बुजा रहेका छन।

यसैबिच, गण्डकी प्रदेश प्रहरी कार्यालयका प्रमुख डिआइजी दिवेश लोहनी, सिनियर डिभिजनल इन्जिनियर हरिदत्त पौडेल, अर्थ मन्त्रालयका राजश्व अधिकृत गीता घिमिरे, संक्रामक तथा सरुवा रोग अस्पतालका मेस डा. विकास गौचन लगायतकालाई विशेष प्रोत्साहन पुरस्कार प्रदान गरिने भएको छ। त्यसै गरी कास्कीका प्रहरी उपरीक्षक रमेश थापा, व्यावसायिक तथा सीप विकास तालिम केन्द्रका प्रमुख प्रभु सिग्देल, स्वास्थ्य कार्यालय मनाङ प्रमुख बद्रीराज आचार्य, इलाका प्रहरी कार्यालय गैंडाकोट प्रमुख प्रहरी निरीक्षक लक्ष्मी खनाल, भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय का कम्प्युटर अधिकृत केदार सापकोटा र प्रहरी निरीक्षक रविन पोखरेल रहेका छन्।

उक्त बार्षिकोत्सव समारोहमा गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्वीमान गुरुङलाइ नेपाल प्रहरीले सलामी दिएको थियो। उक्त कार्यक्रमको उद्घाटन गर्दै उनले अझै पनि देश संघियताको मर्म र भावना अनुसार चल्न नसकेकोले संघियतालाई संस्थागन गर्न सवै दल एक हुनु पर्ने बताए। नागरिकलाई अधिकार प्रदान गर्ने दाहित्व सवै दलहरुको रहेको उनले जनाए। प्रदेश सभामुख नेत्रनाथ अधिकारीले पुरानो सोच बिचार एकात्मक र सामन्ती सोचको कारण अझै पनि संघियताको भावना अनुसार स्प्रिडमा काम हुन नसकेको दाबी गरे। संघियता र लोकतन्त्रमा तुसरापात हुने शंकेत देखिएकोले यसमा संविधानको रक्षा गरी थप सजग हुनुपर्ने समय आएको उनको भनाई थियो।

प्रमुख प्रतिपक्ष दलका नेता तथा पूर्व मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले प्रदेश सरकारले राजश्व बृद्धि गरी प्रदेशको आन्तरिक श्रोत बृद्धि गर्नुको विकल्प नभएको बताए। प्रदेशले आर्थिक र प्रशासनिक सुधार गरी संघिय सरकारलाई नै अनुकरणिय काम गरेर आफ्नो दाहित्व बोध गर्नुपर्ने उनले जनाए। माओबादी केन्द्र संसदीय दलका नेता हरिबहादुर चुमानले जनताको अपेक्षा अनुसार प्रदेश सरकारले काम गर्न नसकेको बताए। प्रदेशका प्रमुख सचिव रवलाल पन्थले प्रदेशमा हाल १ सय ७५ वटा कार्यालयहरु रहेको उल्लेख गर्दै जनशक्ति अभाव। श्रोत साधनको अभाव, जग्गा र कानुनि समस्या रहेको उल्लेख गरे।

प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा अधिकांशले संघियतालाई बलियो पार्न प्रदेश सरकारलाई नै सशक्त बनाउनु पर्नेमा जोड दिएका थिए। आगामी एक बर्ष भित्र प्रदेशका जनताको घर घरमा धारा, उज्यालो प्रदेश सेमत घोषणा हुने गरी काम अघि बढाएको मुख्यमन्त्री पोखरेलले जनाए।

# ६३९ संक्रमित थपिए, ३ को मृत्यु

**रासस**
**काठमाडौं, ४ फागुन**

देशभर पछिल्लो २४ घण्टामा थप ६३९ जनामा कोभिड-१९ सङ्क्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो समय नौ हजार ७५६ को परीक्षण गर्दा सो सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो।

योसँगै नेपालमा पिसिआर विधिबाट गरिएको परीक्षणमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या नौ लाख ७४ हजार ४९३ पुगेको छ। एन्टिजेन परीक्षण गर्नेको सङ्ख्या एक लाख ३८ हजार ४४ रहेको छ। पछिल्लो समय थप एक हजार ६०० सङ्क्रमणमुक्त भएका छन्। योसँगै सङ्क्रमणमुक्त हुनेको सङ्ख्या नौ लाख ४४ हजार ३३७ पुगेको छ। हालसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ९०५ पुगेको छ भने पछिल्लो २४ घण्टामा थप तीन जनाले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ। यस सङ्क्रमणबाट हुने मृत्यु दर १.२ प्रतिशत रहेको छ। त्यसैगरी पछिल्लो समय दुई लाख १४ हजार १०३ ले खोप लगाएको पनि मन्त्रालयले जानकारी दिएको छ। हाल सक्रिय सङ्क्रमितको सङ्ख्या १८ हजार २५१ रहेको छ। अहिले होम आइसोलेसनमा १७ हजार ५८० रहेका छन्। त्यसैगरी संस्थागत आइसोलेसनमा ६७१ आइसीयुमा १५६ र भेन्टिलेटरमा २६ जनाले उपचार गराइरहेका छन्।

# निजगढ विमानस्थल निर्माणको काम रोकिँदैन : मन्त्री आले

**रासस**
**काठमाडौं, ४ फागुन**

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले बाराको निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको कुनै हालतमा पनि नरोकिने बताउनुभएको छ।

बुधबार बाराको निजगढमा रिपोर्टर्स् क्लबले आयोजना गरेको पत्रकार सम्मेलनमा मन्त्री आलेले निजगढमा निर्माण गर्ने अन्तर्राष्ट्रिय विमानस्थलको काम अब चाँडै सुरु हुने बताउनुभयो। उहाँले भन्नुभयो, "विमानस्थलको धावनमार्ग बनाउने क्षेत्रमा पर्ने टाडिया क्षेत्रका नागरिकलाई उचित व्यवस्थापन गर्ने र विमानस्थलको काम सुरु गराउनेछौँ।" निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्नका लागि विभिन्न दलका शीर्ष नेता, मन्त्रीसहित नेपाल नागरिक उड्डयन प्राधिकरणका प्राविधिकसहितका कर्मचारीले अनुगमन गरेकाले विमानस्थल निर्माणको काम चाँडै अगाडि बढाइने पत्रकार सम्मेलनमार्फत उहाँले जानकारी दिनुभयो।

सोही पत्रकार सम्मेलनमार्फत मन्त्रीआलेलेनिजगढविमानस्थलको काम सरकारले तोकेको स्थानीय तहको निर्वाचनभन्दा अगाडि नै सुरु हुनेसमेत जिकिर गर्नुभयो। पत्रकारले सोधेका प्रश्नको जवाफमा मन्त्री आलेले भन्नुभयो, "निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि डिपिआर तयार भइसकेको छ, सबैको साथ र सहयोग भए हामी हाम्रो काम चाँडै सुरुआत गर्नेछौँ।"

यसैगरी मन्त्री आलेले सरकारले जिटुजीलगायत अन्य क्षेत्रबाट रकम लिएर भए पनि निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको काम सुरु गर्ने बताउनुभयो।

## संसद्मा...

सांसदलाई सभामुखले सूचना प्रकाशन नगरेकालगायतका विषय उठाएर अवरोध गर्दै आएको छ। सभामुख सापकोटाले कोभिड-१९ का कारण लामो समयदेखि बस्न नसकेको बैठकलाई सञ्चालन गर्न आग्रह गर्दै जनताका आवाजलाई मुखरित हुन दिन र राज्य सञ्चालनका लागि आवश्यक ४२ विधेयकमा छलफल गर्ने वातावरण निर्माणका लागि विशेष अनुरोध गर्नुभयो।

सभामुखको पटकपटकको आग्रहपछि पनि विपक्षीले नाराबाजीसहित विरोध जारी राखेका थिए। सभामुख सापकोटाले सदनको अवरोधबारे नागरिक समाज, बौद्धिक जगतलेसमेत चिन्ता जाहेर गरेका सन्दर्भमा पनि ध्यानाकर्षण गराउनुभएको थियो।

सभामुख सापकोटाले अवरोधका कारण संसदीय गतिविधि प्रभावहीन बन्न पुगेको र नागरिकबाट सिर्जित नागरिकको सर्वोच्च निकायका सम्मानित सदनमा विधि र प्रक्रियाबाट आफ्ना विषय राख्न आग्रह गर्नुभयो। "संसद् सञ्चालन गरौँ, बैठक सुसञ्चालनको वातावरण सिर्जना गरौँ, म विशेष आग्रह गर्दछु", उहाँले भन्नुभयो। प्रतिनिधिसभाको अर्को बैठक फागुन ६ गते दिउँसो १ बजे बस्नेछ।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सर्म्पक:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

### सुक्तिसुधा

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। – गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# गण्डकी प्रदेशको चार वर्ष

गण्डकी प्रदेश सरकारले चार वर्ष पुरा गरेको छ। पृथ्वीसुब्बा गुरुङले मुख्यमन्त्री पदको सपथ लिएको दिनलाई गण्डकी प्रदेश सरकारले स्थापना दिवस मनाउने गरेको छ। तीन वर्ष पृथ्वीसुब्बा गुरुङको नेतृत्वको सरकारले संघीयताको जग बसाल्ने काम गरेको थियो। संघीयता कार्यान्वयनको लागि केन्द्रीय सरकारसंग अधिकार लिनको लागि दबाब दिने र जनमत बनाउने काम गरेको कारण सधै चर्चामा रहे। कानुन निर्माण होस या कार्यान्वयनमा लागेका कारण अन्य प्रदेशले पनि सिक्ने मौका पाए। जनताले अनुभव गर्न पाउने गरि सबै संरचना नबनेको हुँदा ठूलो उपलब्धि देखाउन नसकिए पनि  निराश हुनुपर्ने अवस्था छैन।यो ४ वर्षको अवधिमा भौतिक विकासतर्फ ८ सय ७३ किमि सडक निर्माण भएको छ।४७ वटा मोटरेबल पुल बनेका छन्। ८९ वटा सडक पुल निर्माणाधीन छन्,'। ३२ वटा झोलुंगे पुलको निर्माण सम्पन्न भएको छ। ३३ वटा झोलुंगे पुल आगामी वर्ष सम्पन्न हुँदैछन्।' तीन वर्षसम्म नेकपा एमाले र माओवादी केन्द्र पछि नेकपाको छोटो  छरितो  सरकारले काम गरेको कारण  प्रगति देखाउने मौका पाएको हो।

मुस्ताङको कोरलादेखि नवलपुरको त्रिवेणी जोड्ने कोरला करिडोर सडकको स्तरोन्नति गर्ने र सम्पूर्ण सडकलाई दुई लेनको बनाउने कार्य तीव्रताको साथ भइरहेको छ। प्रदेश सरकार स्थापना हुँदा विद्युत्मा पहुँच प्राप्त परिवार ८२ दशमलव २ प्रतिशत रहेकोमा हाल ९३ प्रतिशत पुगेको छ। सबै घरमा विद्युत सुविधा पुर्याउने प्रदेश सरकारको प्रतिवद्धता बमोजिम बाँकी सबै घरमा विद्युत् पुर्याई उज्यालो प्रदेश घोषणा अनुसारको काम भएको छ। एक घर एक धारा अभियान जारी छ। चार वर्षमा ४ सय २२ वटा खानेपानी आयोजना सम्पन्न भई ८२ हजार १ सय ७० निजी धारा जडान भएको सरकारले जनाएको छ। आगामी वर्ष सम्ममा सबै घरमा आधारभूत तहको खानेपानी सुविधा पुग्ने  लक्ष्य छ। तत् पश्चात गुणस्तरीय खानेपानी आपूर्तिमा केन्द्रित गर्ने सरकारको योजना छ।

शुरुआतमा सक्षम नेतृत्व र जनभावना बुझेर  सात वटा प्रदेश सरकार मध्ये गण्डकी प्रदेशले विवादरहित तरिकाले नामाकरण र राजधानी टुङ्गो लगाउन सकेको हो। प्रदेश सरकारको नेतृत्व गर्ने मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ संघीयता बुझेका र केन्द्रीय मन्त्री भएर अनुभव बटुलेका हुँदा सरकार संचालनमा सजिलो भएको थियो। राजनीतिक रुपमा पनि ठूलो दलको केन्द्रीय पदाधिकारी भएका कारण पार्टी पङ्तिलाई कसरी परिचालन गर्नुपर्छ भन्ने अनुभवले पनि काममा सहजता दिएको हो। राजनीतिक रुपमा फरक दल भए पनि संघीयता कार्यान्वयन र पूर्वाधार विकासमा सवै दललाई लिएर जान सक्ने क्षमताको कारण गण्डकी प्रदेश सरकारले काम देखाउन सकेको थियो। जनताले संघीयताको महत्व के रहेछ भनेर अनुभूति गर्न नपाए पनि विरोध गर्ने ठाउँ दिएका थिएनन्। अहिले गठबन्धनको सरकार भएको हुँदा काम गर्नु भन्दा भागबन्डा मिलाउन मन्त्री थप्ने, मन्त्रालय फुटाउने  र कार्यकर्ता रिझाउन, गठबन्धनका नेता खुशी बनाउन केन्द्रीत छ।जनताले संघीयता ठिक छैन भन्ने अवस्थामा पुर्याउन खोज्दैछन्।

विगतको सरकारले थालेको  खेतीयोग्य जमिनमा चक्लाबन्दी गर्ने, सामुदायिक, कबुलियती, साझेदारी र धार्मिक बन क्षेत्र संरक्षणका कामलाई निरन्तरता दिनुपर्छ। कोभिड-१९ पछि सरकारले  स्वास्थ्य सेवामा सुधार गरेको छ। प्राविधिक शिक्षामा जोड दिएर गण्डकी विश्व विध्यालयको स्थापना गरेर स्वास्थ्य र शिक्षामा राज्यको भूमिका बढाउने दिशातिर अघि बढेको छ। प्रदेश सरकारले आफ्नो मातहत आएको यातायात ब्यवस्थापन गर्न सकेको छैन।  जनतालाई भाडा बृद्धीको मार थपेको छ। प्रदेशको राजश्व उठ्ने सबैभन्दा ठूलो यातायात ब्यवस्था कार्यालय र सवारीसाधन लाइसेन्स प्रणालीमा सुधार नआउनु सुशासनको पक्षमा गण्डकी प्रदेश सरकार गफ मात्र गर्छ भन्ने आरोपलाई कामबाट जवाफ दिन सकेको छैन।

आबधिक नीति तथा कार्यक्रम बनाएर कसरी अघि बढ्ने भन्ने दिशा तय गरेको छ। लगानीको वातावरण बनाउन पूर्वाधारको विकास, लगानी मैत्री नीति, सुरक्षा र दक्ष जनशक्ति उत्पादनमा ध्यान दिनुपर्नेछ। अरुले केही गर्न नसक्दा गण्डकीले केही गरेको आधारमा सन्तोष मान्नुहुदैन। गण्डकी प्रदेशको राजधानी पोखरा अन्तर्राष्ट्रिय शहरको रुपमा विकास हुने अवस्थामा रहेको हुँदा योजनाबद्ध  कममा केन्द्रीत हुन सकेमा जनताको विश्वास जित्न सकिनेछ। गठबन्धन सरकार निश्चित कार्यक्रम र योजना भन्दा केन्द्रका शिर्ष नेताको आदेश पालक बन्दै जान थालेको हुँदा संघीयता विरोधीलाई खेल्ने मौका दिएको छ।प्रदेशको विकास,जनतालाई सुशासनको प्रत्याभूति दिलाउन नसके जनताको लागि बोझ बन्नेछ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : अप्रत्यसित लाभ |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : मन चञ्चल |
| कर्कट | : आर्थिक समस्या | मकर | : ब्यापारमा लाभ |
| सिंह | : मानसिक तनाब | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : झमेला बड्ने | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# महिला फुटबल लिगको पहिलो चरण चितवनमा

**रासस**
**चितवन, ४ फागुन**

राष्ट्रिय महिला फुटबल लिगको दोस्रो संस्करणका पहिलो चरणका खेल भरतपुरमा हुने भएको छ। भरतपुर महानगरपालिका भित्रका दुई खेल मैदानमा यही फागुन १० गतेदेखि खेल हुने भएको हो।

लिगको पहिलो चरणको खेल सञ्चालनका लागि भरतपुर महानगरपालिका र अखिल नेपाल फुटबल सङ्घ (एन्फा) बीच सम्झौता भएको छ। सम्झौतापत्रमा महानगर प्रमुख रेनु दाहाल र एन्फा अध्यक्ष कर्माछिरिङ शेर्पाले हस्ताक्षर गर्नुभएको छ। महानगर प्रमुख दाहालले राष्ट्रिय महिला लिग भरतपुरमा आयोजना गर्न पाउनु गर्वको विषय भएको बताउनुभयो। एन्फा अध्यक्ष शेर्पाले भरतपुर देशकै मध्यभागमा रहेकाले राष्ट्रिय महिला लिगको पहिलो चरणका खेल यहाँ आयोजना गर्न लागिएको बताउनुभयो। सम्झौताअनुसार लिग सञ्चालनका लागि महानगरले एन्फालाई रु २० लाख आर्थिक सहयोग उपलब्ध गराउनेछ। राष्ट्रिय महिला लिगको दोस्रो चरणको खेल भने विराटनगरमा हुनेछ। लिगका ५६ मध्ये २८ खेल चितवनमा हुनेछ। खेल भरतपुर महानगरपालिका वडा नम्बर ७ स्थित कृष्णपुर खेल मैदान र वडा नं १९ को खेल मैदानमा हुनेछ। केही दिनभित्रै खेल तालिका सार्वजनिक गरिनेछ।

यसपटक महिला लिगमा तीन विभागीय टोली नेपाल प्रहरी क्लब, त्रिभुवन आर्मी क्लब र सशस्त्र प्रहरी बल (एपिएफ) सहित, वालिङ, विराटनगर, चपुर, धनगढी र ललितपुर भिड्नेछन्। यसअघि पहिलो संस्करणको महिला लिग काठमाडौँमा भएको थियो।

# तीन जिल्ला हेर्न दुई कर्मचारी !

**रासस**
**म्याग्दी, ४ फागुन**

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयमा कर्मचारीका अभावमा सेवा प्रवाह नै प्रभावित हुन थालेको छ। म्याग्दी, मुस्ताङ र बागलुङ जिल्ला हेर्नेगरी २०७४ सालमा सो कार्यालय स्थापना भएको थियो।

कार्यालय स्थापना भएदेखि नै कर्मचारीको अभाव हुँदै आएको जनाइएको छ। हालसम्म दुईजना मात्रै कर्मचारीले मात्रै सेवा प्रदान गर्नुपर्दा समस्या उत्पन्न भएको कार्यालय प्रमुख सौरभ श्रेष्ठले बताउनुभयो। "एक जना कर्मचारी केही समयदेखि स्याङ्जामा काजमा हुनुहुन्छ। एक जना अधिकृत, एक जना प्राविधिक सहायकका भरमा कार्यालय सञ्चालनमा छ", उहाँले भन्नुभयो। बजार अनुगमन र खाद्यसम्बन्धी बढी काम गर्ने यस कार्यालयमा कर्मचारी कम हुँदा सेवा प्रवाहमासमेत समस्या हुने गरेको सेवाग्राहीको गुनासो छ।

उहाँले आफूहरु धेरैजसो 'फिल्ड'मै गएर काम गर्नुपर्ने हुँदा कहिलेकाहीँ कार्यालय खाली नै हुने गरेको गुनासो गर्नुभयो। उहाँले जनशक्ति अभाव हुँदा सोंचेअनुसारको काम गर्न कठिन भएको र कार्यालयको आफ्नै सवारी साधनसमेत नहुँदा तीन जिल्लामा काम गर्न समस्यासमेत भएको बताउनुभयो।

"हाम्रो आफ्नै सवारी साधन छैन, दुईपाङ्ग्रे सवारी साधनका भरमै तीन जिल्लामा सेवा प्रदान गर्नुपर्ने अवस्था छ, हामी फिल्डमा निस्केका समयमा सेवाग्राही अनुज्ञापत्र जारी तथा नवीकरण गर्न आउनुभयो भने यसै फर्किनुपर्ने अवस्था छ", उहाँले भन्नुभयो। जनशक्ति पर्याप्त भएको भए काम पनि प्रभावकारी हुने थियो, सेवाग्राहीले सहजरुपमा सेवा पाउनसक्ने उहाँको भनाइ छ।

# शहीद स्मारक बी डिभिजन खेल यसै महिनामा हुने

**रासस**
**काठमाडौं, ४ फागुन**

सहिद स्मारक बी डिभिजन लिग फुटबल प्रतियोगिता यही फागुन तेस्रो सातादेखि सुरुआत हुने भएको छ।

अखिल नेपाल फुटबल सङ्घ (एन्फा) ले 'बी' डिभिजन लिग यही फागुन १८ गतेदेखि सुरुआत हुने जनाएको छ। बी डिभिजन लिगमा विभिन्न १४ क्लबको सहभागिता रहनेछ जसमा झम्सिखेल युथ क्लब, सामाजिक युवा क्लब, बाँसबारी क्लब, खुमलटार युवा क्लब, वीरगञ्ज युनाइटेड क्लब, नयाँबस्ती युवा क्लब र छुरच वोइज युनाइटेड क्लब छन्।

त्यसैगरी टुसाल युवा क्लब, श्री कुमारी क्लब, ब्वाइज युनियन क्लब, रानीपोखरी कर्नर टिम, सरस्वती युवा क्लब, मध्यपुर युथ एशोसियसन र श्री भगवती क्लब सहभागी छन्। सिङ्गल राउण्ड रोविन लिगका आधारमा हुने खेलमा शीर्ष स्थान हासिल गर्ने दुई टोली ए डिभिजन लिगमा बढुवा हुनेछन्। यस्तै पुछारका दुई टोली भने रेलिगेसनमा पर्नेछन्।

लिगको उद्घाटन खेलमा तीन वटा खेल हुनेछन्। जसमा पहिलो खेल झम्सिखेल युथ क्लब र श्री भगवती क्लवबीच प्रतिस्पर्धा हुनेछ। यस्तै दोस्रो खेलमा बाँसबारी क्लब र सरस्वती युवा क्लब तथा तेस्रो खेलमा वीरगञ्ज युनाइटेड र बोइज युनियन क्लबबीच प्रतिस्पर्धा हुनेछ।

# स्वस्थानी व्रत समापन

**रासस**
**काठमाडौं, ४ फागुन**

पौष शुक्ल पूर्णिमादेखि वैदिक सनातन हिन्दू धर्मावलम्बीले घर घरमा सुरु गरेको एक महिने स्वस्थानी व्रत बुधबार विधिपूर्वक समापन भएको छ। पौष शुक्ल पूर्णिमादेखि विधिपूर्वक स्वस्थानीको व्रत सुरु गरी नित्य मध्याह्नकालमा पार्वतीसहित महादेवको पूजा गरेका देशभरका भक्तजनले आज व्रत समापन गरेका हुन्। त्यसै दिनदेखि सुरु गरिएको स्कन्दपुराणअन्तर्गतको केदार खण्डको माघ माहात्म्यमा कुमार र अगस्त्यबीच भएको संवादलाई स्वस्थानी कथाका रूपमा भन्ने र सुन्ने काम पनि आजैदेखि अन्त्य भएको छ। विधिपूर्वक एक महिने व्रत गरेकाले माघ शुक्ल पूर्णिमाका दिन आज १०८ जनै, १०८ सुपारी, १०८ पान, १०८ फूल, १०८ रोटी, १०८ अक्षता विभिन्न थरीका फलफूल, धूप, बत्ती, नैवेद्य, श्रीखण्ड, रक्तचन्दन, सिन्दूर, बस्त्र, भेटी चढाई व्रतको कामना पूर्ण होस् भनी भगवतीलाई अर्घ्य दिइन्छ।

# तमानको ढाका कपडाले पाएन बजार

**पोखरापत्र संवाददाता**
**बागलुङ, ४ फागुन**

तानमा बुनेको ढाका कपडाको विशेषता बेग्लै किसिमको हुन्छ। यसको महत्व नबुझ्दा ढाकाप्रति स्थानीयवासीको खासै आकर्षण छैन। त्यसको प्रत्यक्ष प्रभाव तमानगाउँका महिलालाई पर्न गएको छ।

चार वर्षदेखि ढाकाका कपडा उत्पादन गर्दै आएका तमानखोला गाउँपालिका-३ तमानगाउँका महिलाले यसको बजारीकरणमा समस्या भएको बताएका छन्। उद्यमीले उत्पादन गर्दै आएका ढाकाले बजार पाउन नसकेको हो। सुरु-सुरुमा स्थानीयवासीले चासो दिएर खरिद गरे पनि पछिल्लो समय ढाका कपडा बिक्न छाडेको छ। उत्पादित कपडा गोदाममै थन्किँदा महिला उद्यमी निराश छन्। चार वर्षदेखि निरन्तर ढाका कपडा उत्पादन गर्दै आएकी जुनामाया घर्ती बजारमा आएका औजारले बुनेका सस्ता कपडासँग प्रतिस्प्रधा गर्न नसकिएको बताउनुहुन्छ। ढाकाको महत्व नबुझ्दा उत्पादनले बजार नपाएको उहाँको बुझाइ छ। चौध जनाले सामूहिकरूपमा कल्याण आमा समूहको भवनमा ढाकाका कपडा बुन्दै आएकामा हाल सात जनामा सीमित भएको घर्तीले बताउनुभयो। "हामीले आफ्नै खर्चमा तालिम लियौँ, स्थानीय उत्पादनका रूपमा कोसेली दिन ढाकाका कपडा तानमा बुन्न थालेका हौँ, सुरुमा राम्रै बिक्री भयो, लगानीसमेत उठायौँ", उहाँले भन्नुभयो, "विस्तारै हाम्रो उत्पादन बढ्दै गयो, बिक्री घट्दै गयो, महङ्गो र यसको महत्व नबुझ्दा प्रयोग घट्न थालेको छ।" गाउँपालिकाले बजारीकरण गर्न आवश्यक सहयोग गर्नुपर्ने घर्ती बताउनुहुन्छ।

ढाकाका कपडाका कारण घरको चुलोचौकोमा सीमित तमानगाउँका महिलाको दैनिकी फेरिँदै गएको छ। ढाकाले बजार नपाउँदा भने उद्यमीमा निराशा छाएको छ। ढाका उद्योगले महिलाको आयआर्जनमा टेवा पुर्याएको जमुना घर्ती मगरले बताउनुभयो। "ढाकाको चोला, खास्टो, गलबन्दी, पछ्यौरालगायतको व्यापार खस्केको छ, हामी आफैँ गाउँ गाउँमा पुगेर बिक्री गर्न थालेका छौँ", उहाँले भन्नुभयो। व्यापारमा कमी आएपछि कतिपयले ढाका उद्योग छाडेर पुरानै काममा फर्केको अवस्था छ। केही उद्यमीलाई घरबाट असहयोग हुदा विस्थापित हुनुपरेको घर्ती बताउनुहुन्छ। स्थानीय सरकारले बजारीकरण गरे ढाका उद्योग फस्टाउने उहाँहरूको विश्वास छ। ढाका उद्योगमा अहिले ११ तान रहेका छन्। महिलाले उत्पादन गरेको स्वीटर, झोला, खास्टो, गलबन्दी, पछ्यौरालगायत ढाकाका कपडा अहिले उद्योगमै थन्किन थालेका छन्। समूहका सबैले सुरुआतमा जनही रु ६० हजार लगानी गरेर उद्योग सञ्चालन गरेका हुन्। उनीहरूले कपडा बनाउन चाहिने धागोलगायत सामान काठमाडौँबाट ल्याउने गरेका छन्। बजार व्यवस्थापनका लागि सरकारले सहयोग गरे आफूहरूलाई थप सहज हुने महिला उद्यमीको भनाइ छ। एउटा सल बुन्न दुईदेखि तीन दिन तथा अन्य कपडा बुन्न झण्डै एक हप्तासम्म लाग्ने गरेको महिला उद्यमी बताउँछन्। एउटा गलबन्दीको मूल्य रु एक हजारदेखि रु एक हजार ५०० तथा एउटा सलको रु एक हजार २०० देखि रु दुई हजार ५०० सम्म पर्छ।

# विदेशी सीप गाउँमा प्रयोग गर्दा...

**रासस**
**बागलुङ, ४ फागुन**

बागलुङको तमानखोला गाउँपालिका-२ कटेरीका चूडामणि छन्त्याल विदेशमा सिकेको सीपलाई गाउँमा प्रयोग गरेर माटो सिञ्चिनु भएको छ।

मेलेसियामा दुई वर्ष तरकारी बारीमा काम गर्नुभएका उहाँले कोरियामा दुई वर्ष तरकारी फार्म र बाँकी आठ वर्ष उद्योगमा काम गर्नुभएको थियो। अहिले कटेरी गाउँमा झण्डै १० रोपनी बारी तरकारी र फलफूलले हराभरा बनाउनुभएको छ। खर्च अभावले विदेशीनुभएका उहाँले अहिले आफ्नो माटोमा गरेको दुःखले आर्जेको कमाई बचत गर्नुहुन्छ। चार वर्षअघि कोरियाबाट गाउँ फर्केर प्लाष्टिक घरमा तरकारीखेती गरेका ४८ वर्षीय उहाँका बारीमा पाँच  प्लाष्टिक घर छन्।

खुला आकाशमुनि, साग, बन्दा, काउली र खुर्सानी फलेका छन्। "पोहोरसम्म गोलभेँडाको खेती गरेँ, निकै राम्रो आम्दानी भयो", उहाँले भन्नुभयो, "अहिले गाउँका अरु दाजुभाईले पनि प्लाष्टिक घर निर्माण गरेपछि मैले गोलभेँडा उहाँहरुलाई छोडेर अरु विकल्प खोजिरहेको छु।" उहाँका दुई  प्लाष्टिक घरमा अहिले 'स्टोभेरी' फलेको छ। मलेसियामै रहँदा स्ट्रबेरीका विषयमा जानकारी पाउनुभएका उहाँले ककनीबाट बिरुवा ल्याएर खेती सुरु गर्नुभएको हो। 'स्ट्रबेरी गाउँका लागि नयाँ खेती हो। पहिले दुई बिरुवा लगाएँ राम्रो फलेपछि व्यावसायिक खेती गरेको छु", उहाँले भन्नुभयो, "नयाँ खेतीले बजार पाउन सहज हुने र मूल्य प्रतिकिलो ७०० रुपैयाँ पर्दछ, पोखरा लेकसाइडको एक होटलसँग सोही मूल्यमा सम्झौता भएको छ, बिक्रीका लागि कुनै पनि समस्या छैन।" उहाँले गोलभेँडा पनि प्रतिकिलो रु ७० देखि रु १२ सम्म बिक्री गर्नुहुन्थ्यो।

अहिले गाउँका अरु किसानले पनि त्यसै गर्छन्। "उहाँको सिको गरेर धेरैलाई राम्रो भएको छ", स्थानीयवासी युवा ढालेन्द्र छन्त्याल भन्नुहुन्छ, "अहिले त गाउँभरि टनेल छन्, धेरै थोरै सबैले कमाउँछन्।"तमानखोलागाउँपालिका, कृषि ज्ञानकेन्द्र र मुख्यमन्त्री नमूना कृषि गाउँ कार्यक्रमले गाउँलेलाई सघाएको छ। रु १२ लाख लगानीमा सुरुआत गरेको तरकारी फार्मबाट छन्त्यालले मासिक रु ३५ हजार आम्दानी गर्छन्। गाउँमा पुग्ने पाहुना उहाँकै घरमा बस्छन्। जौ, गहुँ, कोदो र मकै मात्रै फल्ने बारीमा फलाएका तरकारी उहाँले पाहुनालाई चखाउँछन् र आफ्नो मूल्य लिनुहुन्छ। छन्त्यालको मेहनतको सिको गरेका कटेरी गाउँका स्थानीयले अहिले गाउँ हराभरा बनाएका छन्।

विदेशको कमाईले उनको काठमाडौँमा घर छ। दुईभाई छोरा युरोप र अष्ट्रेलियाका नाम चलेका कलेजमा पढ्छन्। तर सहरको सुख छोडेर उनी मात्रै होइन उनको परिवार पनि कृषिमा लागेको छ। छोराको पढाइका लागि २२ वर्ष काठमाडौँमा बसेकी उनकी श्रीमती इन्द्रकुमारी अहिले गाउँमै छन्। "उहाँ चार वर्षअघि आउनुभयो, म एक वर्षदेखि यतै छु, काममा सघाउँछु, गाउँको हावापानी भुल्न नसकेर फर्किएँ", इन्द्रकुमारीले भन्नुभयो, "हामी सुख होइन सन्तुष्टि खोज्न गाउँ फर्किएका हौँ।" अघिल्लो वर्षसम्म बर्खाका समयमा तमानखोला पुग्ने सडक अवरुद्ध हुँदा कटेरी गाउँको कृषिउपज बर्खामा खेर जान्थ्यो। अहिले भने किसानको बारीसम्मै बाह्रै महिना चल्ने सडक पुगेको छ। पाँच वटा टनेलमा चार वर्षदेखि खेती गरेका छन्त्यालको गाउँमा अहिले ५० टनेल छन्। कटेरी/भयरबोंगा गाउँलाई समेटेर गण्डकी प्रदेश सरकारले नमूना कृषि गाउँ घोषणा गरेको छ।


**सिलबन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धी सुचना**

प्रथम पटक प्रकाशित मिति २०७८/११/०५

नौलो घुम्ती नेपाल कास्की लागि तपशिलमा उल्लेखित बस्तु तथा सेवा खरिद गर्नु पर्ने भएकोले सिलवन्दी दरभाउ पत्र पेश गर्न सम्वन्धित सवैमा यो सूचना प्रकाशित गरिएको छ।

खरिद गर्ने बस्तु तथा सेवाहरु :

| क.स. | शिर्षक | विवरण | आवश्यक संख्या | कैफियत |
|---|---|---|---|---|
| 1 | Laptop | Core I5 Minimum 10th Generation, Ram 8 GB 512 GB SSD, Minimum 14th Inch Display | 2 | |
| 2 | Office Table | Wooden Table 2*4 with 3 Drawer | 3 | |
| 3 | Office Cupboard | Steel Cupboard, Min 4 Slave, Glass door, 66" | 1 | |
| 4 | Revolving Chair | Hydraulic Chair, Full Back Support | 4 | |

शर्तहरु :
१. दरभाउ पेश गर्न चाहेको फर्मले संस्था दर्ता, नविकरण, आदिको प्रतिलिपि पेश गर्नु पर्नेछ।
२. दरभाउ पेश गर्दा बस्तुको हकमा नाम परिमाण, गुणस्तर, उत्पादक कम्पनी, ग्यारेन्टी, वारेन्टी आदि स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने छ।
३. दरभाउ पत्र पेश गर्न चाहने व्यक्ति वा कम्पनी वा सप्लायर्सहरुले शिलबन्दी कागजात सूचना प्रकाशन भएको मितिले १ हप्ता ( ७ दिन ) (२०७८/११/११) कार्यालय समय भित्र पेश गर्नु पर्ने छ। उक्त दिन सार्वजनिक बिदा परेमा २०७८/११/१२ गते कार्यालय समय भित्र पेश गर्न सकिने छ।
४. यस सम्बन्धि सम्पूर्ण अधिकार संस्थाको खरिद समितिमा निहित हुनेछ।

थप जानकारीका लागि नौलो घुम्ती नेपालको सम्पर्क नं: ०६१-४०२०७०/४०२०७० मा सम्पर्क गर्न सकिनेछ।

खरिद समिति
नौलो घुम्ती नेपाल
पोखरा १७, सितापाईला

# राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि ४७ विद्यालय छनोट

**पोखरापत्र संवाददाता**
**दमौली, ४ फागुन**

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि तनहुँका ४७ सामुदायिक विद्यालय छनोट भएका छन् ।

शिक्षा मन्त्रालयले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि जिल्लाका १० स्थानीय तहका विद्यालय छनोट गरेको हो । शिक्षा तथा मानव स्रोत विकास केन्द्रको राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि विद्यालय छनोट गरी मापदण्डसमेत सार्वजनिक गरिएको छ । छनोट भएका विद्यालय र कार्यक्रम सबै स्थानीय तह र विद्यालयले कार्यान्वयन गर्नुपर्नेछ ।

सो कार्यक्रममा छनोट भएका विद्यालय र कार्यक्रमका लागि सङ्घीय सरकारले चाँडै सम्बन्धित स्थानीय तहमा निकास गर्ने शिक्षा विभागले जनाएको छ । छनोट भएका विद्यालयहरुमा कक्षाकोठा निर्माण, खानेपानीसहितको शौचालय, कम्प्युटर ल्याब, पुस्तकालय तथा विज्ञान प्रयोगशाला, सिकाइ तथा विभिन्न प्राविधिक विषयहरु समेटिएका छन् ।

कार्यक्रमका लागि भिमाद नगरपालिकाका छ, बन्दीपुर गाउँपालिकाका पाँच, भानु नगरपालिकाका पाँच, व्यास नगरपालिकाका सात, म्याग्दे गाउँपालिकाका तीन, आँबुखैरेनी गाउँपालिकाका चार, ऋषिङ गाउँपालिकाका चार, शुक्लागण्डकी नगरपालिकाका पाँच, घिरिङ गाउँपालिकाका चार र देवघाट गाउँपालिकाका चार विद्यालय छनोट भएका छन् ।

# राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा बागलुङका ११९ विद्यालय लाभान्वित

**-खेमराज गौतम**
**बागलुङ, ४ फागुन**

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत यो वर्ष बागलुङका ११९ विद्यालय छनोटमा परेका छन् ।

सो कार्यक्रमअन्तर्गत यो वर्ष मुलुकका चार हजार १५७ विद्यालय छनोटमा परेका हुन् । तीमध्ये बागलुङका ११९ विद्यालय छन् । छनोटमा परेका बागलुङका ती विद्यालयका लागि रु २४ करोड सात लाख ५० हजार बजेट स्वीकृत भएको शिक्षा विकास तथा समन्वय इकाइ बागलुङका प्रमुख कुस्मराज उपाध्यायले जानकारी दिनुभयो ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सोमबार उक्त कार्यक्रमका लागि विद्यालय छनोट गरिएको थियो । छनोटमा परेका बागलुङका १० पालिकाअन्तर्गतका ११९ विद्यालयमध्ये गलकोट नगरपालिकाका १२, बागलुङ नगरपालिकाका १५, काठेखोला गाउँपालिकाका आठ, जैमिनी नगरपालिकाका १४, बरेङ गाउँपालिकाका ६, ढोरपाटन नगरपालिकाका १६, निसीखोला गाउँपालिकाका १४, ताराखोला गाउँपालिकाका नौ, तमानखोला गाउँपालिकाका आठ र बडिगाड गाउँपालिकाका १७ विद्यालय रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जनाएको छ । बागलुङका ११९ विद्यालयमध्ये ३८ विद्यालयमा चारकोठे विद्यालय भवन निर्माणका लागि रु ३६ लाखका दरले रु १३ करोड ६८ लाख, ४४ विद्यालयमा दुईकोठे भवन निर्माणका लागि रु १८ लाखका दरले रु सात करोड ९२ लाख, ३५ विद्यालयमा आइसिटी कार्यक्रमका लागि रु ६ लाख ५० हजारका दरले रु दुई करोड २७ लाख ५० हजार र ल्याबका लागि दुई विद्यालय त्रिभुवन मावि बडिगाड गाउँपालिका र गलकोट मावि गलकोटका लागि रु १० लाखका दरले रु २० लाख बजेट स्वीकृत भएको शिक्षामन्त्री देवेन्द्र पौडेलले जानकारी दिनुभयो ।

शिक्षा मन्त्रालयका अनुसार राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत मुलुकभर छनोटमा परेका विद्यालयमध्ये ९७६ वटामा चारकोठे भवन, ९६६ मा दुईकोठे भवन निर्माण गरिनेछ । यस्तै, दुई हजार १०६ विद्यालयमा आइसिटी ल्याब व्यवस्थापन, ८८ मा प्राविधिक ल्याब र २१ नयाँ प्राविधिक शिक्षालय निर्माण गरिनेछ । चारकोठे भवन निर्माणका लागि प्रतिविद्यालय रु ३६ लाख, दुईकोठे भवन निर्माणका लागि प्रतिविद्यालय रु १८ लाख, आइसिटी ल्याब व्यवस्थापनका लागि प्रतिविद्यालय रु ६ लाख ५० हजारका दरले रकम उपलब्ध गराइनेछ । नयाँ प्राविधिक शिक्षालयका लागि ल्याब व्यवस्थापन तथा शिक्षण सहयोग अनुदान स्वरुप २१ विद्यालयलाई कुल रु ७० करोड ५९ लाख ६ हजार, प्राविधिक धार सञ्चालित विद्यालयमा ल्याब सुदृढीकरण तथा स्तरन्नोतिका लागि ८८ विद्यालयलाई रु ८८ करोड रकम छुट्याइएको छ । यसका साथै, गत आर्थिक वर्षमा ल्याब व्यवस्थापनका लागि छुटेका १४ विद्यालयका लागि रु ३३ करोड ६० लाख रकम उपलब्ध गराइने शिक्षा मन्त्री देवेन्द्र पौडेलका प्रेस संयोजक विमल खड्काले जानकारी दिनुभयो ।

राष्ट्रपति शैक्षिक सुधारका लागि रु सात अर्ब ८५ करोड ५१ लाख बजेट छुट्याइएको छ । सो कार्यक्रममा सहभागी हुन देशभरका ७३७ स्थानीय तहबाट १३ हजार ४७३ विद्यालयले प्रस्ताव पठाएका थिए । तीमध्ये सात हजार ९८६ विद्यालयले भवन निर्माण, चार हजार २३५ विद्यालयले आइसिटी ल्याब, ११७ विद्यालय नयाँ प्राविधिक धार, प्राविधिक विद्यालय ल्याब व्यवस्थापन १८८ र घेराबार खेलमैदानमा ९४७ विद्यालयले आवेदन दिएका थिए । गत वर्ष जस्तै यस वर्ष पनि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम स्थानीय तहमार्फत कार्यान्वयन गरिनेछ ।

भवन डिजाइन र बजेट सङ्घीय सरकारले दिने भए पनि बजेट कार्यान्वयन र अनुगमन भने स्थानीय तहले गर्ने शिक्षा विकास तथा समन्वय इकाइ बागलुङका प्रमुख उपाध्यायले जानकारी दिनुभयो । बागलुङ जिल्लामा जम्मा ५१४ विद्यालय छन् ।

# जौ र आलु विकास कार्यक्रम सुरु

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ४ फागुन**

यहाँका दुई स्थानीय तहमा यस वर्षदेखि जौ र आलुको व्यावसायिक उत्पादन केन्द्र कार्यक्रम सुरु गरिएको छ ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत रघुगङ्गा गाउँपालिका-५ भिँ र ६ नं वडा पाखापानीमा जौ तथा मालिका गाउँपालिका-६ को दिव्याम र ७ नं वडाको बिममा आलु ब्लक सुरु गरिएको हो ।

कृषि ज्ञान केन्द्रका कृषि प्रसार अधिकृत गोविन्द पाण्डेले जौ र आलुको व्यावसायिक खेती विस्तार, गुणस्तर सुधार, उत्पादन वृद्धि र बजारीकरणमा सघाउने उद्देश्यले ब्लक कार्यक्रम सुरु गरिएको बताउनुभयो । "पालिका र जिल्लास्तरमा सरोकारवालाको सिफारिसपछि थपिएको आलु र जौ जोन कार्यक्रम कृषकको सञ्चालक समिति गठन र सम्झौता गरी कार्यान्वयन थालिएको छ", उहाँले भन्नुभयो, "नयाँ ब्लक कार्यक्रमका लागि चालू आर्थिक वर्षमा रु २४ लाख बजेट विनियोजन गरिएको छ ।"

केन्द्रमार्फत यसअघि रघुगङ्गा-८ कुइनेमङ्गले, अन्नपूर्ण-८ राम्चे र मङ्गलाको ३, ४ तथा ५ नम्बर वडामा आलु, बेनी नगरपालिका-४ र मङ्गला-३, मालिकाको ४, ५, ६ र ७ वडामा सुन्तला तथा धवलागिरि-७ ताकममा रैथाने धानबालीको ब्लक कार्यक्रम सञ्चालन गरिएको थियो । छ ब्लक कार्यक्रमको निरन्तरताका लागि रु १३ लाख ११ हजारका दरले बजेट विनियोजन गरिएको कृषि ज्ञान केन्द्रका प्रमुख किरन सिग्देलले बताउनुभयो । जौको ब्लक ५० हेक्टर र आलु ब्लक ३० हेक्टर क्षेत्रफल समेटिएको छ । कार्यक्रममार्फत कृषकलाई निःशुल्क तालिम र प्राविधिक सहयोगका साथै सिँचाइमा ८५ र कृषि औजार, बीउ र विषादीमा ५० प्रतिशत अनुदान उपलब्ध गराइने केन्द्रका प्रमुख सिग्देलले बताउनुभयो । पोषिलो खाद्यबाली जौको खेती घट्दो क्रममा रहेको अवस्थामा सुरु गरिएको कार्यक्रमले संरक्षण र व्यावसायिक उत्पादन तथा बजारीकरणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । जिल्लाभर ३०० हेक्टरमा जौखेती हुने र वार्षिक ४०० मेट्रिकटन उत्पादन हुने कृषि ज्ञान केन्द्रले जनाएको छ । एक हजार ६०० हेक्टरभन्दा बढीमा खेती हुने आलु यहाँबाट निकासी हुने मुख्य कृषिउपज हो । जिल्लामा वार्षिक १६ हजार ४५० मेट्रिकटन आलु उत्पादन हुन्छ । सङ्घीय सरकारअन्तर्गतको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइले जोन, प्रदेश सरकारको कृषि ज्ञान केन्द्रले ब्लक र स्थानीय तहका कृषि शाखाले पकेट क्षेत्रका कार्यक्रम कार्यान्वयन गरेका छन् ।

# प्रदेश स्थापनाको चार वर्षमा अस्पताल र सडकमा देखियो सरकार

**-तारानाथ आचार्य**
**बागलुङ, ४ फागुन**

गण्डकी प्रदेश सरकार स्थापना भएको बुधबार चार वर्ष पूरा भएको छ ।

सरकारले आफ्नो काम थालेको चार वर्षमा गण्डकीको कर्णाली भनेर चिनिने बागलुङमा पनि केही कामहरु भएका छन् । प्रदेश सरकार स्थापनाको केही समयमै विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस सङ्क्रमणको उच्च जोखिमका कारण सरकार सबैभन्दा धेरै स्वास्थ्य क्षेत्रमा केन्द्रित रह्यो ।

साबिकको धौलागिरि अञ्चलको मुकाम बागलुङ बजारमा रहेको धौलागिरि अस्पतालको कुशल व्यवस्थापन र कोरोना महामारीका बेला अस्पतालले निभाएको भूमिका प्रदेश सरकारको देखिने महत्वपूर्ण काम हो । उप-प्रादेशिक अस्पतालका रुपमा विकास भइरहेको धौलागिरि अस्पतालमा पूर्वाधार र जनशक्तिको व्यवस्थापनमा प्रदेश सरकारले महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो । तत्कालीन मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले बागलुङकै पहिलो र दोस्रो तथा नेपालकै पाँचौँ र छैटौँ कोरोना सङ्क्रमितलाई अस्पतालमै पुगेर भेट्नुभयो । लामो समय अलपत्र रहेको अस्पतालको 'बी' ब्लकको हस्तान्तरण र प्रयोग, कोरोना भाइरस सङ्क्रमण जाँच प्रयोगशाला स्थापना, सघन उपचार कक्ष, लिफ्ट स्थापना, बगैँचा, पानी, फोहोरको व्यवस्थापन र अन्य भौतिक संरचनामा भएको सुधार धौलागिरि अस्पतालमा प्रदेश सरकारले गरेको देखिने काम हो । सडक पूर्वाधारमा पनि बागलुङमा प्रदेश सरकार देखिएको छ । २०५४ सालमा ट्र्याक खुलेको, पटक-पटक स्तरोन्नति भएर पनि कालोपत्र हुन नसकेको बागलुङ कुश्मीशेरा सडकको कालोपत्र गर्न प्रदेश सरकारको भूमिका महत्वपूर्ण रह्यो । उक्त सडकको पाञ्जादेखि सरङ्गेसम्मको १० किलोमिटर खण्ड यो चार वर्षको बीचमा कालोपत्र भएको छ । जिल्लाको दक्षिण क्षेत्रलाई जोड्ने यो सडक कालोपत्र हुँदा बागलुङ नगरपालिकाको बलेवा क्षेत्र, जैमिनी नगरपालिका र बरेङ गाउँपालिका तथा यो सडक हुँदै गुल्मी र पर्वतको दक्षिण जाने यात्रुका लागि सहज भएको छ । २४ वर्षसम्म जस्ताको त्यस्तै रहेको यो सडकमा भएको कालोपत्रले प्रदेश सरकारको काम मात्रै देखाएको छैन, यहाँका राजनीतिक दल, नेता र सरोकारवालाको नाक छोपिदिएको छ । रु २९ करोड लगानी भएको यो सडकखण्ड कालोपत्र हुँदा बागलुङ कुश्मीशेरा २१ किलोमिटर खण्डमा अब सहजै यात्रा हुन्छ ।

बाँकी सडक सडक विभाग, प्रदेशको निर्वाचन क्षेत्र विकास कार्यक्रम र सङ्घीय निर्वाचन क्षेत्र विकास कार्यक्रमबाट कालोपत्र भएको छ । बाँकी रहेको एक किलोमिटर सडक पनि प्रदेश सरकारले कालोपत्र गर्ने आशा सर्वसाधारणमा छ । बागलुङ नगरपालिका-४ कुँडुले फेदीदेखि काठेखोला गाउँपालिका-३ धम्जा जोड्ने सडकको ट्र्याक खुलेको छ । जिल्लामा महत्वपूर्ण मार्गको रुपमा लिइएको यो सडक बनाउँदा प्रदेश सरकारले रु ४१ करोड खर्चेको छ । यो सडकले चार वर्षमा प्रदेश सरकारले गरेका कामको प्रतिनिधित्व गर्छ । अन्य केही महत्वपूर्ण र जनताका लागि उपयोगी सडक तथा सडक पुलहरु पनि प्रदेश सरकारले निर्माण गरेको छ । पर्यटनको क्षेत्रमा शालग्राम सङ्ग्रहालय प्रदेश सरकारको देखिने काम हो । बागलुङ नगरपालिका-४ कुँडुले फेदीमा निर्माण भएको भूमिगत सङ्ग्रहालयमा प्रदेश सरकारले विभिन्न चरणमा रु तीन करोडभन्दा बढी बजेट खर्चेको छ । धार्मिक, पौराणिक र प्रकृतिको संरक्षण गर्नका लागि निर्माण भएको सङ्ग्रहालय नयाँ पर्यटकीय गन्तव्य बनेको छ ।

त्यस्तै मुख्यमन्त्री कृषि नमूना गाउँ कार्यक्रमबाट किसानले गरेको आम्दानी र सफलताका कथा प्रदेश सरकारका देखिने काम हुन् । कृषि ज्ञान केन्द्रमार्फत निर्माण भएका शीतभण्डार, आलु सुन्तलाको भण्डारणमा सहयोग, परम्परागत बालीहरुको संरक्षणमा सक्रियता र आधुनिक खेती प्रणालीमा किसानलाई रुपान्तरित गर्ने कामसमेत प्रदेश सरकार गठनपछि भएका छन् । कृषिमा आधुनिकीकरण, शिक्षामा सहजीकरण र स्वास्थ्यमा साझेदारी तथा पूर्वाधारमा लगानी भइरहेको छ । आधारभूत तहको खानेपानीको पहुँच विस्तार, विद्युतीकरण र पशुपालनका क्षेत्रमा भइरहेका कामहरुमा समेत प्रदेश सरकारको उपस्थिति देखिने गरेको छ । विपत्को व्यवस्थापन र राहत तथा उद्धारमा सरकार देखिने गरी उपस्थित छ ।

# दुई महिनामै उल्टियो एकतर्फी यातायात चलाउने निर्णय

**रासस**
**बेनी, ४ फागुन**

बेनी नगरपालिकाले बजारभित्रको सडकमा सुरु गरिएको एकतर्फी यातायात सञ्चालनको निर्णयबाट पछि हटेको छ ।

सुरक्षा निकायको अनुरोधमा ट्राफिक व्यवस्थापन गर्ने उद्देश्यले गत पुस १ गतेदेखि बेनीमा एकतर्फी यातायात सञ्चालन गरिएको थियो । यो निर्णयबाट नगरपालिकाले दुई महिनामै पछि हटेको हो ।

एकतर्फी यातायातले व्यापार व्यवसायमा असर परेको भन्दै न्युरोड क्षेत्रका व्यवसायीहरु, टोल सुधार समिति र म्याग्दी उद्योग वाणिज्य सङ्घका पदाधिकारीहरुको समेत दबाब भएपछि नगरपालिकाले आफ्नो पूर्ववत निर्णयबाट पछि हट्ने निर्णयमा पुगेको छ । बेनी नगरपालिकाको कार्यालयमा गत मङ्सिर १४ गते भएको सरोकारवालाको बैठकको निर्णयानुसार पुस १ गतेदेखि बेनी बजारभित्र क्याम्पसचोकदेखिजिल्लाप्रशासन कार्यालय अगाडिसम्मको सडकमा एकतर्फी यातायात सञ्चालन हुँदै आएको थियो ।

बेनी नगरपालिकामा उद्योग वाणिज्य सङ्घ, टोल सुधार समिति र सुरक्षा निकायका प्रतिनिधिहरुबीच भएको छलफलमा सुरक्षा निकायको असहमतिकाबीच एकतर्फी यातायात सञ्चालनको निर्णयबाट नगरपालिका पछि हट्ने निष्कर्षमा पुगेको छ । न्युरोड क्षेत्रका व्यवसायी र उद्योग वाणिज्य सङ्घबाट पटकपटक भएको असहमतिसहितको ध्यानकर्षणको कारण पुनः विचारको अवस्थामा पुगिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत धोलकराज ढकालले जानकारी दिनुभयो ।

"सुरक्षा अधिकारीबाहेक सहभागी अधिकांशले एकतर्फी यातायातले व्यापार व्यवसायमा गम्भीर असर परेको भन्नुभएको छ, अव्यवस्थित तवरले बनेका पाली, टहरा हटाउन उद्योग वाणिज्य सङ्घ र टोल विकास समितिले नगरपालिकासँग समन्वय गरी हटाउने र दुईतर्फी यातायात सञ्चालनका बारेमा प्रतिवेदन पेस गरेपछि थप निर्णय गर्ने सल्लाह भएको छ," उहाँले भन्नुभयो । उक्त बैठकमा सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरुले एकतर्फी यातायातले सडक दुर्घटनामा न्यूनीकरण भएको, सर्वसाधारण, यात्रु र यातायातका साधन चलाउनेहरुलाई समेत सहज भएको भन्दै एकतर्फी यातायातको अभ्याससलाई निरन्तरता दिनुपर्नेमा जोड दिनुभएको थियो । ट्राफिक प्रहरीसहितको सुरक्षा निकायका प्रतिनिधिको असहमतिबीच उद्योग वाणिज्य सङ्घ र केही व्यापारीहरुको दबाबमा नगरपालिका पूर्ववत् निर्णयबाट पछि हट्ने अवस्था आएपछि सुरक्षा निकायका प्रतिनिधिहरुले बैठक छाडेर निस्किएका थिए ।

जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख इन्द्रबहादुर नेपालीले बेनी बजारभित्रका सडक साँघुरो भएको र दोहोरो सवारीका कारण दुर्घटना र जाम लगायतको ट्राफिक समस्या न्यूनीकरणमा एकतर्फी यातायातले टेवा पुऱ्याएको कारण यसलाई निरन्तरता गर्दै थप व्यवस्थित गर्न आफूहरुले सुझाव दिएको बताउनुभयो । "साँघुरो सडकमा दोहोरो यातायातको कारण दिनहुँजसो दुर्घटना भइरहन्थ्यो, एकतर्फी यातायात सुचारु भएपछि त्यो शतप्रतिशत न्यूनीकरण भएको थियो, यसैले पनि एकतर्फी यातायातलाई नै निरन्तरता दिनुपर्छ भन्ने हाम्रो बुझाई हो," उहाँले भन्नुभयो ।

# तनहुँ जलविद्युत् आयोजना : 'सुक्खायाममा विद्युत् आपूर्तिमा सहज'

**पोखरापत्र संवाददाता**
**तनहुँ, ४ फागुन**

ऋषिङ गाउँपालिका-१ झापुरटारमा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाबाट सुक्खायाममा विद्युत् आपूर्तिमा सहज हुने भएको छ ।

विशेषगरी सुक्खायाममा देशको विद्यमान ऊर्जा आपूर्तिको समस्या हटाउन आयोजनाको ठूलो योगदान रहनुका साथै स्थानीय स्रोत र साधनको अधिकतम सदुपयोग गरी देशको आर्थिक एवं सामाजिक क्षेत्रको विकासमा थप टेवा पुग्ने अपेक्षा गरिएको छ । आयोजनाका लागि सेतीनदीमा १४० मिटर अग्लो र २१५ मिटर लामो कङ्क्रिट बाँध निर्माण गरिने आयोजनाका प्रबन्ध सञ्चालक किरणकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

जलाशययुक्त यस आयोजना बढी विद्युत् माग हुने हिउँदयाममा समेत दैनिक करिब छ घण्टा पूर्ण क्षमता (१४० मेगावाट) मा चलाउन सकिन्छ । आन्तरिक उत्पादनबाट हिउँदको विद्युत् अभाव हटाउन र भारतबाट विद्युत् आयात घटाउन आयोजनाको महत्वपूर्ण भूमिका रहने विश्वास गरिएको छ ।

विद्युत् उत्पादन सुरु भएको पहिलो १० वर्षसम्म वार्षिक औषत विद्युत् उत्पादन ५८ करोड ७७ लाख र त्यसपछि ४८ करोड ९९ लाख युनिट उत्पादन हुने लक्ष्य राखिएको छ । आयोजनाको जलाशय ७.२६ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिने छ । उहाँले भन्नुभयो, "आयोजनाको जलाशय बाँधदेखि सेती नदीको माथिल्लो तटीय भेगसम्म करिब १८ किलोमिटरसम्म फैलनेछ ।"

सेती नदीको दायाँ किनार हुँदै ७४ मिटर व्यासको एक हजार २६२ मिटर लामो सुरुङमार्फत बाँधभन्दा करिब पाँच किलोमिटर तल्लो तटमा रहने भूमिगत विद्युत् गृहमा पानी पुऱ्याएर विद्युत् उत्पादन गरिनेछ । विद्युतगृहमा ७०/७० मेगावाटका दुई वटा फ्रान्सिस टर्वाइन रहनेछन् । आयोजनाबाट उत्पादित विद्युत् २२० किलोभोल्टको डबल सर्किट प्रसारण लाइनमार्फत नेपालको राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाहित गरिने उहाँले बताउनुभयो । उहाँका अनुसार आयोजनाको विद्युत् गृहदेखि चितवनको भरतपुर स्थित सबस्टेशनसम्म करिब ३७ किलोमिटर प्रसारण लाइनका लागि ९४ वटा टावर निर्माण गरिनेछ ।

आयोजना जिल्लाको ऋषिङ गाउँपालिका, म्याग्दे गाउँपालिका, भिमाद नगरपालिका, व्यास नगरपालिका र बन्दीपुर गरी पाँच पालिकाका केही वडाका बासिन्दा प्रभावित हुनेछन् । निजी जग्गाधनीलाई मुआब्जा दिई जग्गा अधिग्रहण गरेर आयोजनाको निर्माण कार्य अघि बढाइएको सो आयोजनाले जनाएको छ ।

# आर्मी र हिमालयन शेर्पाबीचको खेल बराबरी

**रासस**
**काठमाडौं, ४ फागुन**

शहीद स्मारक 'ए' डिभिजन लिग फुटबल प्रतियोगिताअर्न्गत आज भएको खेलमा त्रिभुवन आर्मी क्लब र हिमालयन शेर्पा क्लब बीचको खेल बराबरीमा टुङ्गिएको छ ।

सातदोबाटोस्थित एन्फा (अखिल नेपाल फुटबल सङ्घ) कम्प्लेक्समा आज भएको खेलमा आर्मीले हिमालयन शेर्पा क्लबसँग १-१ गोलको बराबरी खेलेको हो ।

खेलको २६औं मिनेटमा कप्तान जर्ज प्रिन्स कार्कीले गोल गर्दै आर्मीलाई सुरुआती अग्रता दिलाएका थिए ।

टेकबहादुर बुढाथोकीको पासमा उनले गोल गरे । तर त्यो आर्मीको १-० को अग्रता लामो समयसम्म टिक्न सकेन । खेलको ६५औं मिनेटमा हिमालयन शेर्पाका मुताम्बा पिस्टोनले गोल गर्दै खेललाई १-१ गोलको बराबरीमा ल्याए । उनले आशिष गुरुङको पासमा गोल गरेका हुन् ।